# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक

राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १८६ | आइतवार, ६ वैशाख, २०८३ | Sunday, 19 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०







## देशभरका प्रशासनमा "एकद्वार सेवा प्रणाली" लागू :

# सक्रिय बिचौलियालाई नियन्त्रण गर्न निर्देशन

काँक्रेविहार संवाददाता
सुर्खेत, ५ वैशाख

सरकारले जिल्ला तथा इलाका प्रशासन कार्यालयहरूमा सक्रिय बिचौलियालाई नियन्त्रण गर्न कडाइ गर्ने भएको छ। सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन गृह मन्त्रालयले देशभरका प्रशासन कार्यालयहरूलाई 'एकद्वार सेवा प्रणाली' लागू गर्नेसहित नौबुँदे निर्देशन जारी गरेको हो।

मन्त्रालयले जारी गरेको निर्देशनमा प्रशासन कार्यालयहरूमा बिचौलियाको प्रवेशमा उच्च निगरानी राख्न र बिचौलियामार्फत सेवा लिने-दिने कार्यलाई पूर्ण रूपमा नियन्त्रण गर्न स्पष्ट आदेश दिइएको छ।

यस कदमले सेवाग्राहीलाई प्रत्यक्ष रूपमा सेवा उपलब्ध गराउने र अनावश्यक झन्झट तथा अतिरिक्त खर्च हटाउने अपेक्षा गरिएको छ।

निर्देशनअनुसार हालको सरकार गठन भएदेखि अहिलेसम्म बिचौलियामाथि गरिएको कारबाहीको विवरण गृह मन्त्रालयमा पठाउन पनि सम्बन्धित कार्यालयहरूलाई भनिएको छ। साथै आगामी दिनमा यस्ता गतिविधि नियन्त्रणसम्बन्धी नियमित प्रतिवेदन पठाउनुपर्ने व्यवस्था गरिएको छ।

सरकारको यो कदमले प्रशासनिक सेवामा देखिएको अनियमितता, ढिलासुस्ती र बिचौलियाको प्रभाव न्यूनीकरण गर्ने विश्वास गरिएको छ। नागरिकलाई सहज, छिटो र पारदर्शी सेवा उपलब्ध गराउने उद्देश्यले यस्तो नीति लागू गरिएको मन्त्रालयले जनाएको छ।

यसअघि जिल्ला प्रशासन कार्यालयहरूमा बिचौलियाको प्रभाव व्यापक रूपमा देखिँदै आएको थियो। विभिन्न प्रशासनिक सेवा छिटो गरिदिने आश्वासन दिँदै बिचौलियाले सेवाग्राहीसँग रकम असुल्ने गरेका थिए।

सेवाग्राहीका अनुसार नागरिकता, राहदानी, सिफारिस लगायतका काम छिटो सम्पन्न गराइदिने भन्दै बिचौलियाले अतिरिक्त शुल्क लिने प्रवृत्ति बढ्दो थियो। यसले सेवामा असमानता मात्र नभई आर्थिक शोषणसमेत बढाएको गुनासो रहँदै आएको थियो।

त्यस्तै केही अवस्थामा कर्मचारीहरूले नै विभिन्न बहाना बनाउँदै सेवाग्राहीलाई बिचौलियाको सहारा लिन बाध्य बनाउने गरेको आरोपसमेत लाग्दै आएको छ। आवश्यक कागजात अपुग भएको वा प्रक्रिया जटिल रहेको भन्दै सेवाग्राहीलाई प्रत्यक्ष सेवा नदिई घुमाउरो रूपमा बिचौलियातर्फ पठाउने प्रवृत्ति रहेको थियो।

यस प्रकारको अवस्थाले प्रशासनिक सेवामा पारदर्शिता र विश्वासमा असर पुऱ्याउँदै आएको थियो। अब सरकारले कडाइका साथ बिचौलिया नियन्त्रणमा लाग्ने निर्णय गरेसँगै यस्ता गतिविधिमा कमी आउने अपेक्षा गरिएको छ।

यसैबिच गत चैत १९ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतले यातायात व्यवस्था कार्यालय र मालपोत कार्यालयमा बिचौलियाको काम गर्ने १६ जना बिचौलियालाई पक्राउ गरेको थियो। सेवाग्राहीले बिचौलियाले सेवा प्रवाहमा अवरोध गरेको सूचना प्राप्तपछि बिचौलिया पक्राउ गरिएको हो।

गृह मन्त्रालयले चालु आर्थिक वर्षको बजेटबाटै एकद्वार प्रणाली लागू गर्ने प्रबन्ध मिलाउन र आगामी वर्षका लागि आवश्यक न्यूनतम बजेट माग गर्न प्रशासन कार्यालयहरूलाई भनेको छ। प्रमुख जिल्ला अधिकारीहरू (सिडिओ) लाई सरकारको प्रतिनिधिको रूपमा शान्ति सुरक्षा कायम गर्ने, जनताको जिउधनको संरक्षण गर्ने र सार्वजनिक सेवा तथा सुशासनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न मन्त्रालयले स्मरण गराएको छ।

गृहमन्त्री सुधन गुरुङले पदबहाली गरेकै दिन प्रशासन कार्यालयहरूबाट दिइने सेवा एकद्वार प्रणालीबाट गर्ने व्यवस्था मिलाउन निर्देशन दिएका थिए। साथै गत चैत १३ गते मन्त्रिपरिषद्बाट स्वीकृत 'शासकीय सुधारका १०० कार्यसूची' मा पनि सार्वजनिक सेवामा नागरिकको विश्वास जित्ने गरी काम गर्नुपर्ने उल्लेख छ।

सोही मर्मअनुसार मन्त्रालयले सचिवस्तरीय निर्णय गर्दै केही जिल्लामा लागू भएका टोकन प्रणाली, नागरिक सुनुवाइ, अनलाइन सिफारिस र निःशुल्क सहायता कक्षजस्ता नवप्रवर्तनात्मक अभ्यासलाई सबैतिर संस्थागत गर्दै एकद्वार सेवा प्रणाली तत्काल लागू गर्न निर्देशन दिएको हो।




### यस्तो छ, नौं बुँदे निर्देशन

गृह मन्त्रालयले जिल्ला तथा इलाका प्रशासन कार्यालयहरूमा सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन विस्तृत नौबुँदे निर्देशन जारी गरेको छ।

उक्त निर्देशनमार्फत 'एकद्वार सेवा प्रणाली' लागू गर्नुका साथै बिचौलिया नियन्त्रणदेखि कर्मचारी व्यवस्थापन र अनुगमनसम्मका विषयमा कडाइ गरिएको हो। निर्देशनअनुसार नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र तथा नाबालक परिचयपत्रजस्ता सेवाका लागि सेवाग्राहीमैत्री कक्ष स्थापना गरी सकेसम्म एउटै कक्षबाट सेवा दिने व्यवस्था गर्नुपर्नेछ।

साथै संघसंस्था दर्ता, हातहतियार नवीकरण र कागजात प्रमाणीकरणका लागि छुट्टै कक्षको व्यवस्था गरिनेछ। सेवाग्राहीका लागि प्रतीक्षालय र विश्राम कक्षको व्यवस्था मिलाउन तथा सम्भव भएसम्म सेवा अनलाइनमार्फत उपलब्ध गराउन पनि भनिएको छ।

कार्यालय प्रवेशमै सहायता कक्ष (हेल्प डेस्क) स्थापना गरी बिहान ९ बजेदेखि सञ्चालन गर्नुपर्नेछ। सहायता कक्षबाटै निवेदन लेख्न, फाराम भर्न सहयोग गर्ने, कागजातको प्रारम्भिक परीक्षण गरी टोकन दिने तथा आवश्यक जानकारी प्रदान गर्ने व्यवस्था गरिनेछ। ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बिरामी र सानो बच्चासहितका सेवाग्राहीलाई प्राथमिकताका आधारमा सेवा दिन निर्देशन दिइएको छ।

नागरिक बडापत्रलाई डिजिटल तथा सबैले प्रस्ट देख्ने गरी राख्नुपर्नेछ भने सेवा प्रवाहलाई सहज बनाउन वडाध्यक्षदेखि प्रमुख जिल्ला अधिकारी (सिडिओ) सम्मको 'ह्वाट्सएप ग्रुप' गठन गरी नियमित समन्वय गर्नुपर्ने व्यवस्था गरिएको छ।

उजुरी तथा गुनासो व्यवस्थापनलाई थप सक्रिय बनाउँदै तत्काल समाधान गर्ने, अशक्त सेवाग्राहीको गुनासो सिडिओ वा सहायक सिडिओ आफैँ गएर सुन्ने र कार्यालय प्रमुखको 'अफिसियल' मोबाइल सधैँ खुला राख्ने निर्देश दिइएको छ। साथै प्रत्येक महिना 'जनतासँग प्रजिअ' कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

कर्मचारीले सेवाग्राहीसँग मर्यादित व्यवहार गर्नुपर्ने र कसैले दुःख दिएमा 'शून्य सहनशीलता' नीति अपनाई कारबाही गरिनेछ। कार्यालय परिसरको सरसफाइमा पनि विशेष ध्यान दिन भनिएको छ। निर्देशनमा प्रत्येक पदको स्पष्ट कार्यविवरण १५ दिनभित्र तयार गरी लागू गर्न, कर्मचारीलाई आवश्यक तालिम तथा अभिमुखीकरण प्रदान गर्न तथा सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्न भनिएको छ।

अनुगमन र पारदर्शितालाई मजबुत बनाउन सिडिओले निरन्तर निगरानी गर्ने, सम्भव भएसम्म सिसी क्यामेरा जडान गर्ने, वेबसाइट नियमित अद्यावधिक गर्ने तथा कर्मचारीहरूको जिम्मेवारी र सम्पर्क नम्बर सार्वजनिक गर्ने व्यवस्था गरिएको छ।

जिल्लाको शान्तिसुरक्षा सम्बन्धी दैनिक प्रतिवेदनसँगै सेवा प्रवाहको संख्यात्मक विवरण पनि अनिवार्य पठाउनुपर्नेछ, भने कार्यालयले गरेका प्रगति विवरण प्रत्येक महिनाको १ र १६ गते मन्त्रालयमा बुझाउनुपर्नेछ। सरकारको यो निर्देशनले प्रशासनिक सेवामा सुधार ल्याई सेवाग्राहीलाई छिटो, सहज र पारदर्शी सेवा उपलब्ध गराउने अपेक्षा गरिएको छ।

## देउवा पक्षले स्वीकाऱ्यो अदालतको फैसला



काँक्रेविहार संवाददाता
काठमाडौं, ५ वैशाख

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा पक्षको भेलाले सर्वोच्च अदालतको फैसला स्वीकार गरेर अघि बढ्ने निष्कर्ष निकालेको छ।

सर्वोच्च अदालतको फैसलापछि पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्का निवासमा बसेको बैठकले असहमति भए पनि सर्वोच्चको फैसला मानेर अघि बढ्ने निष्कर्ष निकालेको नेता मीनबहादुर विश्वकर्माले बताए।

सर्वोच्चको फैसलापछि आफूहरूले गगन थापालाई पार्टी सभापति मानेको उनले बताए। उनले हिजोदेखि पूर्णबहादुर खड्का निवर्तमान कार्यवाहक सभापति भएको बताए। पार्टीलाई एकताबद्ध बनाएर लैजाने जिम्मा सभापति गगन थापाको जिम्मेवारी भएको उनले बताए।

उनले भने, 'अब पार्टीलाई कसरी लैजाने भन्ने हिजो शेरबहादुर देउवाको खुट्टामा गोल थियो भने अब सर्वोच्च अदालतले अहिलेका विशेष महाधिवेशनबाट आएका सभापति गगन थापाको खुट्टामा अदालतले बल फाल्दिएको छ। त्यसैले उहाँले अब कसरी पार्टीलाई एकताबद्ध बनाउनुहुन्छ, कसरी पार्टीलाई ठूलो बनाउनुहुन्छ, कसरी पार्टीलाई भावनात्मक रूपले सबै एक स्वरले नेपाली कांग्रेसका पक्षमा आबद्ध हुने वातावरण बनाउनुहुन्छ, त्यो उहाँको खुट्टामा छ।'

## स्थानीय तह र वडाको संख्या तथा सीमा हेरफेर गर्न मन्त्रालयले माग्यो सुझाव




काँक्रेविहार संवाददाता
काठमाडौं, ५ वैशाख

गाउँपालिका, नगरपालिका तथा वडाको संख्या तथा सीमा हेरफेरबारे संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राय तथा सुझाव मागेको छ। मन्त्रालयले वैशाख ३ गते सबै जिल्ला समन्वय समिति, स्थानीय तह तथा सबै सरोकारवाला निकायलाई पत्राचार गर्दै सुझाव माग गरेको हो।

त्यस्तै मन्त्रालयले जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघलाई बोधार्थ दिँदै सहजिकरणका लागि आग्रह गरेको छ।

मन्त्रालयका अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३, ५, ६, ७ र ८ को व्यवस्था बमोजिम गाउँपालिका तथा नगरपालिका, वडाको संख्या तथा सिमाना हेरफेर, गाउँपालिका र नगरपालिका एक आपसमा गाभिने र नगरपालिकाको विद्यमान बर्गीकरणमा पुनराबलोकन गर्न प्रारम्भिक मस्यौदा तयार भएको छ।

सो सम्बन्धमा कुनै राय सुझाव भए मन्त्रालयको इमेल ठेगानामा तीन दिनभित्र उपलब्ध गराइदिन मन्त्रालयले आग्रह गरेको हो।

## आगलागीमा घाइते भएकाको उपचारका लागि सहयोग संकलन

काँक्रेविहार संवाददाता
जाजरकोटछट, ५ वैशाख

स्थानीय युवाहरूले गत आइतबार ग्यास सिलिन्डर लिक भएर आगलागीमा गम्भीर घाइते भएका तीन जनाको उपचारका लागि आर्थिक सहयोग जुटाएका छन्।

माया जैसी, रुपा जैसी र गणेश गौतमको उपचारमा आवश्यक सहयोगका लागि स्थानीय युवाहरूले नौ लाख ५० हजार रुपैयाँ संकलन गरेका हुन्। आगलागी घटना आइतबार बिहान भएको थियो। घटनामा थालुप्रसाद जैसीकी ४२ वर्षीया श्रीमती माया जैसी, ३७ वर्षीया साली रुपा जैसी र २२ वर्षीय छोरा गणेश गौतम गम्भीर घाइते भएका थिए।

उनीहरूलाई प्रारम्भिक उपचारका लागि नगर अस्पताल, दल्लीमा ल्याइएको थियो। थप उपचारका लागि काठमाडौं नेपाली सेनाको हेलिकोप्टर मार्फत उद्धार गरिएको थियो। नलगाड नगरपालिका-२ का राजन गौतमका अनुसार, जिल्ला प्रशासन कार्यालयसँगको सहकार्यमा करिब चार लाख पाँच हजार रुपैयाँ खर्च गरी घाइतेलाई नेपालगञ्जसम्म पुऱ्याइएको थियो। त्यसपछि परिवारले विमानमार्फत काठमाडौं ल्याएको थियो। हेलिकोप्टर चार्टरमा ठूलो रकम खर्च भएपछि औषधि र उपचारमा थप खर्च



जुटाउन समस्या परेको थियो।

कृषिजन्य पेशा र ज्यालामजदुरी गर्दै आएको पीडित परिवारले उपचार खर्च आफैं जुटाउन नसकेपछि स्थानीय युवाहरूले सहयोग अभियान सुरु गरेका थिए। नलगाड नगरपालिका-४ का समाजसेवी छवि पन्तले भने घाइतेको जीवन रक्षा र उपचार सुनिश्चित गर्न सुरु गरिएको अभियानबाट संकलित रकम पीडित परिवारलाई हस्तान्तरण गरिएको छ।

त्यसैगरी, नलगाड नगरपालिका-२ का देवीलाल वली, लवकुश वली र राजन गौतमको टोलीले आर्थिक सहयोग संकलन अभियान सञ्चालन गरेका थिए। हाल तीनै जना घाइते काठमाडौंस्थित कीर्तिपुर अस्पतालमा उपचाररत छन्। स्थानीय समुदायले यस्तो पहललाई सामाजिक उत्तरदायित्वको उदाहरणको रूपमा लिएका छन् र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरिरहेका छन्।

## हिंसा र यौनजन्य दुर्व्यवहार रोकथाममा ऐक्यबद्धता

काँक्रेविहार संवाददाता
सुर्खेत, ५ वैशाख

कार्यस्थलमा हुने हिंसा र यौनजन्य दुर्व्यवहार न्यूनीकरण गर्न कर्णालीका सरोकारवालाहरूले एकताबद्ध प्रतिबद्धता जनाएका छन्। नेपाल उद्योग वाणिज्य महासङ्घ कर्णाली प्रदेशको आयोजना तथा 'सशक्त महिला, समृद्ध नेपाल' (ईडब्लुपीएन) को समन्वयमा वीरेन्द्रनगरमा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले कार्यस्थललाई सुरक्षित र मर्यादित बनाउन साझा प्रयास गर्ने सङ्कल्प गरेका हुन्।

उद्योगी, व्यवसायी र कानुनी क्षेत्रका विज्ञहरू सहभागी भएको कार्यक्रममा कार्यस्थलमा हुने हरेक प्रकारका दुर्व्यवहारलाई निरुत्साहित गर्न 'साझा कार्ययोजना' निर्माण गरी कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरिएको छ।

**कानुनी उपचार र मानसिक असरको गम्भीरता**

कार्यक्रममा वरिष्ठ अधिवक्ता शर्मिला श्रेष्ठले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई



सामाजिक मात्र नभई गम्भीर कानुनी समस्या भएको उल्लेख गर्दै, यसका दीर्घकालीन असर हरूबारे चेतावनी दिए।

उनका अनुसार यौनजन्य अश्लील शब्द बोल्ने, इच्छा विपरीत छुने, यौन प्रस्ताव राख्ने वा अश्लील अङ्ग प्रदर्शन गर्ने जस्ता क्रियाकलापले कर्मचारीको मानसिक, शारीरिक र व्यावसायिक जीवनमा नकारात्मक प्रभाव पार्दछ।

नेपालमा यस विरुद्ध कानुनी व्यवस्थाहरू भए पनि कार्यान्वयन कमजोर रहेको बताउँदै उनले कार्यस्थलमा खटिनेहरूले स्वयंले यस्ता हर्कतको सशक्त विरोध गर्नुपर्नेमा जोड दिए।

**साझा धारणा र सचेतनाको आवश्यकता**

नेपाल उद्योग वाणिज्य महासङ्घ कर्णाली प्रदेशका अध्यक्ष धनबहादुर रावतले भने कार्यस्थलमा हुने शारीरिक तथा मानसिक दुर्व्यवहार न्यूनीकरण गर्न सबै क्षेत्रको साझा धारणा आवश्यक छ।

महिलाहरू बढी जोखिममा भए पनि पुरुषहरू पनि यसको असरमा पर्छन्। सुरक्षित कार्य वातावरण औद्योगिक विकासको आधार हो। महासङ्घका सहायक निर्देशक हरि पौडेलले जनचेतनाको कमीका कारण व्यापारिक प्रतिष्ठानमा हिंसाका घटना हुने गरेको बताउँदै सचेतनाका कार्यक्रमहरूलाई गाउँबस्ती र उद्योगका मजदुरसम्म पुऱ्याउनुपर्ने सुझाव दिए।

**नीतिगत सुधार र अभियानको सार्थकता**

अन्तरक्रियामा सहभागी उद्योग सञ्चालकहरूले आफ्ना कार्यक्षेत्रमा हिंसा रोक्ने आन्तरिक नीति बनाउने र कर्मचारीहरूलाई उजुरी गर्ने वातावरण सिर्जना गर्ने वाचा गरेका छन्।

सहभागीहरूको एकमत थियो कि सरकारले नीति निर्माण र कानुन कार्यान्वयनमा सक्रिय भूमिका खेल्नुपर्छ र यस्ता अभियानहरू केवल औपचारिकतामा सीमित नराखी सार्थक बनाइनुपर्छ।

सुर्खेतबाट सुरु भएको यो सामूहिक प्रतिबद्धताले कर्णालीका उद्योग र व्यापारिक क्षेत्रमा कार्यरत हजारौं कर्मचारीहरूका लागि सुरक्षित र मर्यादित कार्यस्थलो सुनिश्चित गर्ने अपेक्षा गरिएको छ।

सम्पादकीय

# ऊर्जा विकासको नयाँ बाटो

कर्णाली नदीमा बिना बाँध, बिना सुरूङ र बिना वातावरणीय क्षति बिजुली निकाल्ने नयाँ प्रविधिको परीक्षण सुरू भएको छ । सुदूरपश्चिमको कैलाली र कर्णाली प्रदेशको सुर्खेतको सीमामा बग्ने कर्णाली नदीमा 'हाइड्रोकाइनेटिक' प्रविधि प्रयोग गरी विद्युत उत्पादन गर्ने परीक्षण भइरहेको हो । यो नेपालमै पहिलो पटक प्रयोग हुन लागेको प्रविधि हो । जसले नदीको प्राकृतिक बहावलाई कुनै अवरोध नगरी पानीको गतिबाट टर्बाइन घुमाएर विद्युत उत्पादन गर्छ । कर्णालीको बगिरहेको पानीमाथि सुरू भएको यो प्रविधिको परीक्षण कार्य केवल एउटा सानो परियोजना मात्रै होइन । यो नेपालको ऊर्जा सोचमा सम्भावित रूपान्तरण कार्य पनि हो । दशकौँदेखि हामीले जलविद्युत विकासलाई बाँध, सुरूङ र विशाल संरचनासँग जोडेर हेर्दै आएका छौँ । यसले ऊर्जा उत्पादनमा उल्लेखनीय योगदान त दिएको छ । तर सँगै वातावरणीय क्षति, विस्थापन, ढिलो निर्माण र बढ्दो लागतजस्ता समस्या पनि उत्पन्न गरेको थियो । के ऊर्जा उत्पादनका लागि सधैं प्रकृतिलाई परिवर्तन गर्नैपर्छ ? भन्ने प्रश्न उठिरहेकाबेला कर्णालीमा भइरहेको यो परीक्षणले यही प्रश्नको वैकल्पिक उत्तर पनि प्रस्तुत गरेको छ । बिना बाँध, बिना सुरूङ, बिना नदीको बहावमा हस्तक्षेप कार्य पानीको गतिलाई उपयोग गरेर विद्युत उत्पादन गर्ने अवधारणा आफैंमा सरल र प्रभावकारी देखिन्छ ।

यो परियोजनाअन्तर्गत करिब एक सय किलोवाट क्षमताको विद्युत उत्पादन गर्ने लक्ष्य राखिएको छ। सामान्य भाषामा बुझ्दा, जसरी हावाको गतिले पंखा घुम्छ, त्यस्तै नदीको बगिरहेको पानीको गतिले पानीमुनि जडान गरिएको टर्बाइन घुमाउँछ र त्यसबाट बिजुली उत्पादन हुन्छ । यसमा नदीको दिशा परिवर्तन गर्नुपर्दैन, न त पानी थुन्नुपर्ने हुन्छ । परियोजनाको प्राविधिक संरचना पनि रोचक छ । बिजुली उत्पादनका लागि प्रयोग गरिने डुंगाशैलीका दुई ठूला संरचना रूपन्देहीको बुटवलमा निर्माण गरिएका हुन् । मेघा हाइड्रो एण्ड इन्जिनियरिङले यी संरचनाहरू तयार पारेर ट्रकमार्फत कैलालीको मोहन्याल गाउँपालिका–७, साँफ बसेरी पुऱ्याएको हो । अहिले कर्णाली नदीको बगरमा ती संरचनाहरू जडान गर्ने, टर्बाइन फिट गर्ने र परीक्षणको अन्तिम तयारी गर्ने काम भइरहेको छ । यो प्रविधि प्राकृतिक सन्तुलनसँग सहअस्तित्वमा आधारित छ । यस्तो दृष्टिकोण आजको जलवायु संकट र वातावरणीय संवेदनशीलताको सन्दर्भमा अझ सान्दर्भिक बन्छ । तर कुनै पनि नयाँ प्रविधि जस्तै, यसप्रति उत्साहसँगै यथार्थपरक मूल्यांकन पनि आवश्यक छ । विशेषगरी दुर्गम क्षेत्रहरूमा, जहाँ ठूला आयोजना सम्भव छैनन् वा प्रसारण लाइन पुऱ्याउन कठिन छ, त्यहाँ यस्ता साना, छरितो र स्थानीय समाधानहरू अत्यन्त उपयोगी हुन सक्छन् ।

अर्कोतर्फ, प्रविधिको दीर्घकालीन स्थायित्व, बाढी तथा प्राकृतिक विपद्सँग जुध्ने क्षमता, र आर्थिक व्यवहार्यता जस्ता पक्षहरू पनि गम्भीर रूपमा परीक्षण हुन बाँकी छन् । विशेषगरी कर्णालीजस्ता तीव्र बहाव र मौसमी उतारचढाव भएका नदीहरूमा यस्ता संरचनाहरू कत्तिको सुरक्षित र टिकाउ हुन्छन् भन्ने प्रश्नको स्पष्ट उत्तर आवश्यक छ । यसका साथै स्थानीय समुदायको सहभागिता र स्वामित्व सुनिश्चित गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुनेछ । यस परियोजनामा अन्तर्राष्ट्रिय सहकार्यको उपस्थिति सकारात्मक संकेत हो । तर दीर्घकालीन रूपमा नेपालले यस्ता प्रविधिमा आत्मनिर्भरता विकास गर्नुपर्ने आवश्यकता पनि स्पष्ट छ । आफ्नै प्राविधिक क्षमता र नवप्रवर्तनलाई सुदृढ नगरी दिगो ऊर्जा भविष्य सम्भव हुँदैन । किनकी कर्णालीमा भइरहेको यो परीक्षणले नेपाललाई ऊर्जा विकासको नयाँ बाटो देखाएको छ । जहाँ विकास र प्रकृति परस्पर विरोधी होइनन्, बरू सहयात्री हुन सक्छन् भन्ने सन्देश दिएको छ । यदि यो प्रयास सफल भयो भने, यसले केवल केही किलोवाट विद्युत उत्पादन गर्ने होइन, बरू ऊर्जा क्षेत्रमा सोच्ने तरिका नै परिवर्तन गर्नेछ । त्यसैले अब यसलाई उत्साहका साथ स्वागत गर्दै, गम्भीर अध्ययन, परीक्षण र नीतिगत समर्थनमार्फत यस सम्भावनालाई दिगो सफलतामा रूपान्तरण गर्न जोड देऊ ।

# मलाई बोल्न दे सरकार !



✍ तनुजा पाण्डे

नेपाली राजनीतिमा २०८० सालको भदौ महिना एउटा यस्तो विन्दु बन्यो, जहाँ 'शक्ति' र 'अभिव्यक्ति' बीचको टक्करले एउटा नयाँ भाष्य निर्माण गऱ्यो ।

काठमाडौंका मेयर वालेन्द्र शाह (बालेन) ले आफ्नी पत्नी चढेको गाडी ट्राफिक प्रहरीले रोकेपछि सामाजिक सञ्जालमा पोखेको 'सिंहदरबारमा आगो लगाइदिन्छु' भन्ने ज्वाला एउटा आक्रोशित स्ट्याटस मात्र थिएन ।

सिंहदरबार, जो राज्यसत्ताको अभेद्य किल्ला मानिन्छ, त्यसलाई खरानी बनाउने धम्कीले नेपालमा भूकम्प त ल्यायो नै, त्यसले समाजलाई दुई कित्तामा पनि उभ्याइदियो । कतिपयले त्यसलाई अस्वाभाविक र राज्य संरचनामाथिको आक्रमणको संकेत भने । तर एउटा विशाल तप्काले सत्ता-नागरिक सम्बन्धमा रहेको दीर्घ असन्तोषको 'सांकेतिक विद्रोह' र भावनात्मक अभिव्यक्ति मान्यो । त्यो घटना हुँदा पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार थियो । सरकारभित्रै बालेनलाई पक्राउ गर्ने विषयमा गम्भीर छलफल भएको चर्चा बाहिर आएको थियो । तर अन्ततः लोकतान्त्रिक दबाब र राजनीतिक विवेकले त्यसलाई नियन्त्रणको दिशातर्फ जान दिएन ।

बालेनको त्यो गर्जनले एउटा गम्भीर प्रश्न सतहमा ल्यायो – के आक्रोश व्यक्त गर्ने शैलीले मात्र अभिव्यक्तिको वैधता निर्धारण गर्छ?

जब राज्यले नागरिकको संवेदनशीलता बुझ्दैन, तब नागरिकले प्रयोग गर्ने भाषा स्वाभाविक रूपमै 'विस्फोटक' हुन्छ । राज्यले आलोचनालाई सुरक्षा खतरा ठान्ने कि लोकतन्त्रको स्वाभाविक हिस्सा?

यो एउटा यस्तो बहस हो, जसको राप आज पनि सेलाएको छैन ।

अभिव्यक्ति स्वतन्त्रता केवल शब्दहरूको खेती होइन, परिवर्तनको संवाहक हो । यसका सबभन्दा प्रखर उदाहरण बालेन शाह आफै हुन् । एउटा इन्जिनियर र ऱ्यापर, जसले स्थापित राजनीतिक 'सिन्डिकेट' लाई चुनौती दिँदै ऱ्यापका माध्यमबाट आमनागरिकका असन्तुष्टिलाई लयबद्ध गरे । बालेनको उदय कुनै आकस्मिक घटना थिएन, यो त वर्षौंदेखि गुम्सिएको नागरिक आक्रोशको विस्फोट थियो । बालेनले झापा क्षेत्र नम्बर ५ मा केपी शर्मा ओलीजस्ता दिग्गज नेतालाई ५० हजारभन्दा बढी मतान्तरले पछि पार्दै प्रधानमन्त्रीको कुर्सीमा पुग्नु (सांकेतिक रूपमा सत्ताको केन्द्रमा आउनु) नेपाली लोकतन्त्रको ऐतिहासिक 'डिस्ट्रप्सन' थियो । तर विडम्बना कस्तो छ भने, जुन 'आवाज' को जगमा शक्ति आर्जन गरियो, आज त्यही शक्ति प्रयोग गरेर अरूको आवाजलाई 'अमर्यादित' देख्न थालिएको छ । हिजो 'दरबारको सराप हैन' भन्दै गीत गाउने सर्जक आज सत्तामा पुग्दा नागरिकका आक्रोशपूर्ण शब्दहरू सुन्ने धैर्य किन गुमाइरहेका छन् ?

हामीले बिर्सन नहुने अर्को मोड जेनजी आन्दोलन र त्यसपछिको राजनीतिक पराकम्पन हो ।

वर्षौंदेखिको कुशासन र भ्रष्टाचार काण्डबाट आजित आमनागरिक, अझ सन् १९९७ पछि जन्मिएको नवयुवा (जेनजी) पुस्ता जसको तथ्यांकमा हेर्दा पनि जनसांख्यिक बनोट ठूलो छ, उनीहरूले आह्वान गरेको कुशासन र भ्रष्टाचारविरूद्ध आन्दोलनलाई सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्ध र नियन्त्रणले झनै उत्तेजित बनायो ।

कुशासन र भ्रष्टाचारविरूद्ध सडकमा ओर्लिएको त्यो युवा पुस्ताले परम्परागत राजनीतिको सिन्डिकेटलाई चुनौती मात्र दिएन, त्यसैको जगमा एउटा ठूलो परिवर्तन सम्भव भयो ।

यो पुस्ताका लागि इन्टरनेट केवल रमाइलो गर्ने ठाउँ होइन । यो उनीहरूको 'सूचनाको हक' र 'अभिव्यक्ति स्वतन्त्रता' सँग जोडिएको विषय हो । जब सरकारले सामाजिक सञ्जाललाई प्रतिबन्ध लगाउने वा नियन्त्रण गर्ने प्रयास गऱ्यो, तब यी युवाले प्रस्ट पारिदिए लोकतन्त्रमा 'पर्दा' लगाउने युग सकियो । विडम्बनाको पराकाष्ठा हेर्नुहोस्, जुन सरकार सामाजिक सञ्जालको अधिकार र 'डिजिटल फ्रिडम' को जगमा उभियो, आज त्यही सरकारको पालामा युट्युबर रोशन पोखरेललाई सामाजिक सञ्जालमा बोलेकै आधारमा पक्राउ गरिएको छ । उनलाई अहिले हाजिर जमानीमा छाडिएको छ । कानुन मिच्नेलाई, गालीगलौज गर्नेलाई, अभिव्यक्ति स्वतन्त्रताको सिमा नाघ्नेलाई कानुनी दायरामा ल्याउन वा सच्चिन अल्टिमेटम दिने जस्ता उपाय पनि लोकतान्त्रिक व्यवस्थामा छन् । आफू सत्ता बाहिर हुँदा के के गरियो भन्ने पनि सत्तारोहण गरेपछि सम्झिनुपर्छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू आफैमा सर्जक हुनुहुन्छ । उहाँ लामो समयदेखि गीत लेख्ने, गाउने र सामाजिक सञ्जालमार्फत आफ्ना भावना सार्वजनिक गर्दै आउनुभएका व्यक्ति हुनुहुन्छ । यही पृष्ठभूमिले उहाँलाई एक 'क्रिएटर' का रूपमा स्थापित गरेको छ, जहाँ अभिव्यक्ति केवल अधिकार होइन, पहिचानको आधार पनि हो ।

तर यहीँ एउटा गम्भीर र रोचक विरोधाभास देखिन्छ । जसले आफ्ना सिर्जनामा कडा शब्द, 'स्लर' र ऱ्याप संस्कृतिको विद्रोही भाषा प्रयोग गर्दै सामाजिक निराशा र आक्रोशलाई सामान्यीकृत गरे, उही व्यक्तिले आज सत्तामा पुगेपछि आलोचनाको सानो झिल्को देख्नेबित्तिकै 'सभ्य' र 'असभ्य' को सीमारेखा कोर्न खोज्नु र राज्य संयन्त्र प्रयोग गरेर आवाज नियन्त्रण गर्न खोज्नु लोकतान्त्रिक मूल्यसँग कत्तिको मेल खान्छ भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ ।

नेपाली सन्दर्भमा बालेन शाह जस्ता पात्र पटक पटक आफ्ना सिर्जनात्मक अभिव्यक्तिमा 'अभद्र' ठानिएका शब्दको प्रयोग र सामाजिक सञ्जालमा उच्छृंखल भनिएका विचारका कारण विवादित बनेका छन् । तर त्यही प्रकारको अभिव्यक्ति जब अरूबाट आउँछ, त्यसलाई सहन नसक्ने प्रवृत्ति देखिनु अझ जटिल प्रश्न हो ।

यसले देखाउँछ, समस्या शब्दमा सीमित छैन । समस्या कसले बोलेको हो भन्नेमा केन्द्रित हुँदै गएको छ । जब अभिव्यक्तिको मापदण्ड व्यक्ति र सत्ताका आधारमा फरक फरक रूपमा लागू हुन्छ, तब त्यो स्वतन्त्रता होइन, त्यो चयनात्मक नियन्त्रण हो । यो केवल व्यक्तिको व्यवहारगत परिवर्तनको कुरा होइन । यो सत्ता र अभिव्यक्तिबीचको सम्बन्ध कति संवेदनशील र जोखिमपूर्ण हुन सक्छ भन्ने स्पष्ट उदाहरण हो ।

सत्तामा पुगेपछि अभिव्यक्ति स्वतन्त्रतालाई 'व्यवस्था' र 'अनुशासन' का नाममा पुनःपरिभाषित गर्ने प्रवृत्ति देखिन्छ । तर लोकतन्त्रको वास्तविक सौन्दर्य त्यहीँ देखिन्छ, जहाँ सत्ता आफूमाथि आउने आलोचना पनि स्वीकार गर्न सक्षम हुन्छ ।

यदि एक सर्जकले आफ्नो सिर्जनामा विद्रोहलाई स्थान दिन सक्छ भने, उसले अरूको विद्रोहलाई पनि स्थान दिन सक्नुपर्छ । यदि उसले कडा शब्दलाई अभिव्यक्तिको माध्यम ठान्छ भने, उसले अरूका कडा शब्दलाई पनि सहन सक्नुपर्छ । नत्र त्यो केवल एकतर्फी स्वतन्त्रता हुन पुग्छ ।

अभिव्यक्ति स्वतन्त्रता वास्तवमा लोकतन्त्रको आत्मा हो र यसको अर्थ सभ्य, मीठा वा सत्तालाई मनपर्ने शब्दहरू प्रयोग गर्ने अधिकार मात्र होइन; यो असहज प्रश्न उठाउने, प्रचलित मान्यतामाथि चुनौती दिने र शक्तिशाली संरचनालाई जबाफदेही बनाउन खोज्ने साहसको नाम पनि हो ।

नेपालको संविधान २०७२ को धारा १७ ले प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गरे पनि यसको वास्तविक अभ्यास राज्यको व्यवहार, कानुनी व्याख्या र सामाजिक सहिष्णुतामा निर्भर हुन्छ । जब 'अश्लील', 'अभद्र' वा 'अनैतिक' जस्ता अस्पष्ट र व्यक्तिपरक शब्दहरू प्रयोग गरेर असहमत आवाजहरूलाई नियन्त्रण गर्ने प्रयास हुन्छ, त्यति बेला समस्या केवल कानुनी हुँदैन । त्यो लोकतान्त्रिक संस्कृतिको कमजोरीको संकेत हुन्छ, किनकि यस्ता शब्दहरू सत्ताका लागि सजिला औजार बन्छन्, जसले मन नपरेका विचारलाई अपराधमा रूपान्तरण गर्न सक्छन् ।

यस्ता प्रवृत्तिले समाजमा डरको वातावरण सिर्जना गर्छन्, जसको परिणाम स्वरूप मानिसहरूले आफ्नो विचार स्वतन्त्र रूपमा व्यक्त गर्नुभन्दा पहिले त्यसको सम्भावित परिणाम हिसाब गर्न थाल्छन् । र, यहीँबाट आफूलाई जाँच्ने र काँटछाँट (सेल्फ सेन्सरसिप) को खतरनाक चक्र सुरू हुन्छ, जहाँ नागरिकहरू 'के सत्य हो?' भन्दा पनि 'के बोल्दा सुरक्षित भइन्छ?' भन्ने सोचमा सीमित हुन पुग्छन्, जसले लोकतन्त्रको जरा कमजोर बनाउँछ ।

वाक् स्वतन्त्रता र घृणा भाषणबीचको भिन्नता स्पष्ट हुँदाहुँदै प्रायः यसलाई जानाजानी धमिलो बनाइन्छ । वाक् स्वतन्त्रताले विचार, नीति वा व्यवहारको आलोचना गर्छ भने घृणा भाषणले व्यक्तिको पहिचान; जस्तै जात, लिंग, धर्म वा समुदायमाथि आक्रमण गर्छ । र, यही आधारमा यसको सीमा निर्धारण गरिनुपर्छ ।

तर व्यवहारमा, जब सत्तासँग सम्बन्धित व्यक्ति वा संरचनामाथि तीखो आलोचना हुन्छ, त्यसलाई 'अभद्र' वा 'अमर्यादित' भन्दै दमन गर्ने प्रवृत्ति देखिन्छ, जुन वास्तवमा आलोचनाबाट बच्न खोजिएको एक प्रकारको रक्षा संयन्त्र मात्र हो ।

जर्ज अर्वेलले भनेझैं, स्वतन्त्रताको वास्तविक अर्थ भनेको त्यही कुरा भन्न पाउनु हो, जुन सत्ताले सुन्न चाहँदैन, र यही मान्यताले लोकतन्त्र जीवित राख्छ । नेपाली सन्दर्भमा बालेन शाहको विवादास्पद अभिव्यक्ति होस् वा रोशन पोखेलको जस्ता घटना, यी सबैले एउटै गम्भीर प्रश्न उठाउँछन् – राज्यको पहिलो प्रतिक्रिया संवाद हुनुपर्छ कि दमन?

लोकतान्त्रिक राज्यमा गिरफ्तारी अन्तिम उपाय हुनुपर्छ, पहिलो होइन । किनकि, शक्ति प्रयोग गरेर आवाज दबाउनु सजिलो भए पनि त्यसले दीर्घकालीन रूपमा असन्तोष र अविश्वास मात्र बढाउँछ ।

नैतिकता र सदाचार नितान्त सापेक्ष र व्यक्तिगत विषय हुन्, जुन एउटा व्यक्तिका लागि सामान्य आलोचना वा व्यंग्य हुन सक्छ, अर्काका लागि अपमानजनक लाग्न सक्छ । राज्यले कानुनमार्फत स्पष्ट सीमारेखा नकोरी केवल आफ्नो विवेक र सुविधाका आधारमा 'मर्यादा' तय गर्नु लोकतान्त्रिक मूल्यमान्यता विपरीत हो ।

विद्युतीय कारोबार ऐनको दफा ४७ जस्ता प्रावधानले नागरिकलाई आफ्नो विचार ओठसम्म ल्याउनुअघि नै 'मैले यो बोल्दा म सुरक्षित रहन्छु कि जेल जान्छु?' भनेर सोच्न बाध्य बनाउँछ । यसरी सिर्जना हुने 'सेल्फ-सेन्सरसिप' ले समाजमा डरको संस्कृति विकास गर्छ, जहाँ मानिसहरू आफ्नै मस्तिष्कभित्र विचारहरू निमोठ्न थाल्छन् । यो प्रक्रिया नै वास्तवमा लोकतन्त्रको क्षयको विन्दु हो । किनकि, विचारहीन समाजमा लोकतन्त्र केवल एउटा खोक्रो संरचना मात्र रहन जान्छ ।

अभिव्यक्ति स्वतन्त्रता पूर्ण रूपमा असीमित पनि होइन, यसका तार्किक सीमाहरू छन् ।

हिंसा उक्साउने, घृणा फैलाउने वा राष्ट्रको सुरक्षामा प्रत्यक्ष खतरा पुऱ्याउने अभिव्यक्ति नियन्त्रण गर्न राज्यले हस्तक्षेप गर्न सक्छ । तर केवल कसैको 'चित्त दुख्यो' भन्ने आधारमा होइन । लोकतन्त्रको सार नै असहमति सहन सक्ने क्षमतामा निहित हुन्छ । जब राज्यले आलोचनालाई व्यक्तिगत आक्रमणका रूपमा लिन्छ, त्यति बेला त्यो लोकतन्त्रको आत्मा कमजोर बनाउने दिशातर्फ अग्रसर हुन्छ ।

अन्ततः अभिव्यक्ति स्वतन्त्रता कानुनी प्रावधानभन्दा बढी एउटा सांस्कृतिक अभ्यास हो जहाँ नागरिकहरूले बोल्न सक्ने साहस राख्छन् र राज्यले सुन्न सक्ने धैर्य । यदि यो सन्तुलन बिग्रियो भने, बाह्य रूपमा लोकतान्त्रिक संरचना बाँकी रहे पनि त्यसको आत्मा क्रमशः क्षीण हुँदै जान्छ ।

इतिहासले देखाएको छ, दबाइएका आवाजहरू सधैंका लागि मौन रहँदैनन् । ती कुनै न कुनै रूपमा पुनः उदाउँछन्, अझ बलियो र तीव्र रूपमा ।

नेपाली लोकतन्त्र आज एउटा गम्भीर परीक्षामा छ। इतिहासले सिकाएको छ, दबाइएका आवाजहरू एकदिन ज्वालामुखी बनेर निस्कन्छन् । राणा शासनदेखि राजतन्त्रसम्मको पतनको एउटै साझा कारण थियो – नागरिकको अभिव्यक्तिमाथिको दमन । बालेन शाहले आज जुन उचाइ हासिल गरेका छन्, त्यो उनले जनतालाई दिएको 'आवाज' को प्रतिफल हो । त्यसैले उनले नागरिकको स्वतन्त्रतालाई खुम्च्याउने बाटो रोज्नु हुँदैन ।

जब राज्यले हतकडीलाई संवादको विकल्प बनाउँछ, तब त्यसले समाधान होइन, संकट निम्त्याउँछ । लोकतन्त्र धेरै बोलेर होइन, बरू केहीलाई मात्र बोल्न दिएर कमजोर हुन्छ । सत्ताको कुर्सी फेरिँदैमा प्रवृत्ति उस्तै रहनु हाम्रो राजनीतिक अपरिपक्वता हो । अबको लडाइँ हतकडी र नियन्त्रणको होइन, बरू कानुनको स्पष्टता र नागरिकको स्वविवेकको हुनुपर्छ ।

'मलाई बोल्न दे सरकार, अपराध हैन
मन खोल्न दे, दरबारको म सराप हैन
मन खराब छैन, सही बोल्न डराउँदैन
कानुन पो लाग्छ कि? आवाज उठाउँदैमा'

हेक्का राखौं, अरूले सही बोल्दा आफूलाई सही नलाग्न सक्छ । तर त्यसैका आधारमा इगो बनाएर अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित हुने गरी सत्ता र शक्ति दुरूपयोग गर्नु यो पुस्तालाई कुनै अर्थले सुहाउँदैन ।

(लेखक जेनजी अभियानी हुन् ।)

# अबको शिक्षा : प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी

✍ गणेश जोशी

*व्यावहारिक पक्षबाट हेर्दा शिक्षा जीवनसँग प्रत्यक्ष जोडिनु पर्छ । विद्यार्थीले कक्षामा सिकेका कुरा वास्तविक जीवनमा प्रयोग गर्न सक्ने हुनुपर्छ । कृषि, उद्यमशीलता, प्रविधि, र सामाजिक सेवाजस्ता क्षेत्रहरूमा आधारित शिक्षाले विद्यार्थीलाई आत्मनिर्भर र समाजोपयोगी बनाउँछ ।*



मानव सभ्यताको विकासक्रमसँगै शिक्षा प्रणालीले विभिन्न चरणहरू पार गरेको छ । कुनै समय शिक्षा केवल ज्ञान हस्तान्तरणको माध्यम थियो, पछि यसले सीप र दक्षता विकासमा जोड दियो र आधुनिक युगमा आएर शिक्षा प्रतिस्पर्धाको प्रमुख साधन बनेको देखिन्छ ।

आजको विश्व परिवेशमा अधिकांश शिक्षा प्रणालीहरू विद्यार्थीलाई 'अरूभन्दा अगाडि कसरी जाने' भन्ने सोचमा केन्द्रित छन् । तर प्रश्न उठ्छ–के शिक्षा केवल प्रतिस्पर्धा जित्नका लागि हो कि जीवनलाई अर्थपूर्ण, सन्तुलित र समाजोपयोगी बनाउनका लागि ? यसै सन्दर्भमा 'अवको शिक्षाः प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी' भन्ने अवधारणा अत्यन्त सान्दर्भिक र आवश्यक देखिन्छ ।

विश्व परिवेशमा हेर्दा विकसित राष्ट्रहरूमा समेत शिक्षा प्रणालीबारे पुनर्विचार भइरहेको छ । अत्यधिक प्रतिस्पर्धाले विद्यार्थीमा मानसिक तनाव, असन्तुलन र असन्तुष्टि बढाएको तथ्य विभिन्न अनुसन्धानहरूले देखाएका छन् । उच्च अंक ल्याउने दबाब, प्रतिष्ठित संस्थामा प्रवेशको होड र करियरमा अग्रता कायम गर्ने प्रतिस्पर्धाले धेरै युवालाई आन्तरिक रूपमा थकित बनाएको छ । यसकारण आज विश्वका केही शिक्षा प्रणालीहरूमा 'होलिस्टिक एजुकेशन', 'सोसियल-इमोशनल लर्निङ' र 'माइन्डफुलनेस' जस्ता अवधारणाहरूलाई प्राथमिकता दिन थालिएको छ । यी सबै प्रयासहरूको मूल उद्देश्य विद्यार्थीलाई केवल प्रतिस्पर्धी होइन, आत्मचेतनशील, सहानुभूतिशील र प्रेरणादायी व्यक्ति बनाउनु हो ।

नेपालको सन्दर्भमा हेर्दा हाम्रो शिक्षा प्रणाली अझै पनि परीक्षा केन्द्रित र प्रतिस्पर्धात्मक प्रकृतिको छ । एसईई, प्लस टु, र उच्च शिक्षामा प्रवेशका लागि हुने प्रतिस्पर्धाले विद्यार्थीलाई सानै उमेरदेखि नै अंकको दौडमा धकेलिरहेको छ । अभिभावक, विद्यालय र समाजको अपेक्षाले विद्यार्थीलाई 'पहिलो हुनैपर्छ' भन्ने मानसिकता विकास गराएको छ । यसले गर्दा धेरै विद्यार्थीहरू आफ्नो वास्तविक रुचि, सिर्जनशीलता र आत्मपहिचानबाट टाढा भइरहेका छन् । शिक्षा प्राप्त गरे पनि उनीहरू आत्मविश्वासी, जिम्मेवार र समाजप्रति संवेदनशील नागरिक बन्न सकिरहेका छैनन् ।

वर्तमान सामाजिक आयामलाई नियाल्दा शिक्षा र समाजबीचको सम्बन्ध पनि गहिरो रूपमा प्रभावित भएको देखिन्छ । बेरोजगारी, दक्ष जनशक्तिको अभाव, र विदेश पलायनजस्ता समस्याहरूले देखाउँछन् कि हाम्रो शिक्षा प्रणालीले व्यवहारिक र जीवनोपयोगी ज्ञान दिन सकिरहेको छैन । प्रतिस्पर्धामा केन्द्रित शिक्षाले विद्यार्थीलाई केवल 'जागिर खोज्ने' बनाउँछ, 'अवसर सिर्जना गर्ने' होइन । यसैले अबको शिक्षा प्रणालीले विद्यार्थीलाई प्रेरित गर्दै उनीहरूको आन्तरिक क्षमता र सिर्जनात्मकता उजागर गर्नुपर्छ ।

आध्यात्मिक दृष्टिकोणबाट हेर्दा शिक्षा आत्मबोध र आन्तरिक शान्तिको माध्यम हुनुपर्छ । पूर्वीय दर्शनले सधैं 'विद्या'लाई आत्मज्ञानसँग जोडेको छ । वास्तविक शिक्षा त्यो हो जसले व्यक्तिलाई आफ्नो अस्तित्व, उद्देश्य र मूल्यहरूबारे सचेत बनाउँछ । यदि शिक्षा केवल बाह्य उपलब्धि र प्रतिस्पर्धामा सीमित रह्यो भने व्यक्तिले आन्तरिक सन्तुष्टि प्राप्त गर्न सक्दैन । ध्यान, योग, नैतिक शिक्षा र जीवनमूल्यहरूको समावेशले विद्यार्थीलाई सन्तुलित र प्रेरणादायी व्यक्तित्व बनाउन मद्दत गर्छ । वैज्ञानिक दृष्टिकोणले पनि शिक्षा प्रणालीमा परिवर्तनको आवश्यकता औंल्याउँछ । आधुनिक मनोविज्ञान र न्यूरोसाइन्सले देखाएका छन् कि सिकाइ प्रक्रिया केवल तथ्य याद गर्ने होइन, अनुभव, भावनात्मक संलग्नता र सिर्जनात्मक सोचसँग सम्बन्धित हुन्छ । जब विद्यार्थीलाई डर र दबाबमा राखिन्छ, तब उनीहरूको मस्तिष्क सिक्न कम सक्षम हुन्छ । तर प्रेरणादायी वातावरणमा विद्यार्थीले स्वतः जिज्ञासा राख्छन्, प्रश्न सोध्छन् र नयाँ कुरा खोज्न उत्साहित हुन्छन् । यसैले शिक्षामा 'इन्क्वायरी -बेस्ड लर्निङ', 'प्रोजेक्ट-बेस्ड लर्निङ' जस्ता विधिहरू अपनाउनु आवश्यक छ । व्यावहारिक पक्षबाट हेर्दा शिक्षा जीवनसँग प्रत्यक्ष जोडिनुपर्छ । विद्यार्थीले कक्षामा सिकेका कुरा वास्तविक जीवनमा प्रयोग गर्न सक्ने हुनुपर्छ । कृषि, उद्यमशीलता, प्रविधि, र सामाजिक सेवाजस्ता क्षेत्रहरूमा आधारित शिक्षाले विद्यार्थीलाई आत्मनिर्भर र समाजोपयोगी बनाउँछ । साथै, सहकार्य र नेतृत्व जस्ता सीपहरू पनि अत्यन्त महत्वपूर्ण छन् । प्रतिस्पर्धात्मक शिक्षा प्रणालीले सहकार्यभन्दा व्यक्तिगत सफलता प्राथमिकता दिन्छ, तर प्रेरणादायी शिक्षा प्रणालीले 'हामी'को भावना विकास गर्छ ।

अबको शिक्षाले कस्तो जनशक्ति निर्माण गर्नुपर्छ भन्ने प्रश्नमा स्पष्ट उत्तर छ– प्रेरणादायी जनशक्ति । यस्तो जनशक्ति जसले आफू मात्र होइन, अरूलाई पनि अगाडि बढ्न प्रेरित गर्छ । जसमा सहानुभूति, नैतिकता, सिर्जनशीलता र जिम्मेवारीको भावना हुन्छ । यस्तो व्यक्ति समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्षम हुन्छ । प्रतिस्पर्धी जनशक्ति केवल सीमित अवसरका लागि लड्छ, तर प्रेरणादायी जनशक्ति नयाँ अवसर सिर्जना गर्छ ।

यसका लागि शिक्षा प्रणालीमा नीतिगत, संरचनात्मक र व्यवहारिक सुधार आवश्यक छ । पाठ्यक्रमलाई जीवनोपयोगी बनाउनुपर्छ, मूल्याङ्कन प्रणालीलाई केवल अंकमा सीमित नराखी समग्र विकासमा आधारित बनाउनुपर्छ । शिक्षकलाई केवल ज्ञान दिने होइन, प्रेरणा दिने मार्गदर्शकका रूपमा विकास गर्नुपर्छ । अभिभावक र समाजले पनि सफलता र असफलताको परिभाषा पुनःनिर्धारण गर्न आवश्यक छ ।

अन्ततः, शिक्षा केवल प्रतिस्पर्धाको माध्यम होइन, जीवन निर्माणको आधार हो । यदि हामीले शिक्षालाई प्रेरणादायी बनाउन सकेनौं भने हामीले केवल दक्ष तर असन्तुष्ट व्यक्तिहरू उत्पादन गर्नेछौं । तर यदि शिक्षा प्रेरणादायी बन्यो भने हामीले सन्तुलित, सृजनशील र जिम्मेवार नागरिक पाउनेछौं, जसले राष्ट्र र विश्वलाई सकारात्मक दिशामा अगाडि बढाउनेछ । त्यसैले अबको शिक्षा प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी हुनु अपरिहार्य छ ।

*(लेखकः धनगढी, कैलालीस्थित चैतन्य पाठशालाका अध्यक्ष हुन् ।)*

# सडक सुरक्षा सुधारका लागि सुझाव सङ्कलन



**काँक्रेविहार संवाददाता**
सुर्खेत, ५ वैशाख

जुम्लाका स्थानीय तहहरू प्रासडक दुर्घटनाबाट हुने मानवीय र आर्थिक क्षति बढ्दै गएपछि कर्णाली प्रदेशमा सडक सुरक्षाको अवस्था सुधार गर्न प्रदेशस्तरीय सुझाव सङ्कलन सुरु गरिएको छ। यो कार्यक्रम राष्ट्रिय सडक सुरक्षा परिषद्, कर्णाली प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र एसियाली विकास बैंक (एडिबी) को संयुक्त आयोजनामा गरिएको हो।

सुर्खेतमा आयोजना गरिएको कार्यक्रममा प्रदेशका सडक सुरक्षाको वर्तमान अवस्था, विद्यमान कानुनी र संस्थागत संरचना, र प्रस्तावित सडक सुरक्षा विधेयक २०८१ सम्बन्धी सुझाव सङ्कलन गरिएको छ। संघीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव भीमार्जुन अधिकारीले नेपालका सडकको अवस्था नाजुक बन्दै गएको उल्लेख गर्दै जनधनको क्षति कम गर्न सुधार आवश्यक रहेको बताए।

उनका अनुसार सडक दुर्घटनाले मानवीय जीवन मात्र नभई पूर्वाधारमा पनि व्यापक क्षति पुर्याएको छ। कर्णालीमा धेरैजसो सडक कच्चा र जीर्ण भएकाले सवारी साधन भिरबाट खस्ने घटना प्रमुख समस्या बनेको छ उनले भने। मन्त्रालयले सङ्कलित सुझावलाई आगामी सडक सुरक्षा विधेयकमा समावेश गर्ने तयारी गरिरहेको छ। कर्णाली प्रदेशका भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्री शेरबहादुर बुढाले पनि ग्रामीण क्षेत्रमा सडकको अवस्था चिन्ताजनक भएको र त्यसका कारण दुर्घटना बढेको बताए।

मन्त्री बुढाले भने सहरमा पूर्वाधार विकास मापदण्डअनुसार भइरहेको छ, तर ग्रामीण क्षेत्रमा प्रायः डोजरले मन लाग्दा सडक बनाउने चलनले दुर्घटना बढाएको छ। त्यसैले सडक पूर्वाधारको व्यवस्थापन र जनचेतना अभियानलाई प्राथमिकता दिएको छ। एसियाली विकास बैंकका बरिष्ठ परियोजना अधिकृत हेमन्त तिवारीले कर्णालीमा सडक पहुँच बढेसँगै मोटरसाइकल र अन्य सवारी साधनको प्रयोग पनि बढेको र दुर्घटनाको संख्या त्यसैअनुपातमा बढेको बताए।

उनले प्रदेशमा सडक सुरक्षालाई प्राथमिकतामा राखेर सहयोग गरिरहेको जानकारी दिए। प्रदेश प्रहरीको तथ्याङ्क अनुसार गत पाँच वर्षमा कर्णालीमा तिन हजार दुई ७४ वटा सडक दुर्घटना भएका छन्। यस अवधिमा चार हजार दुइ सय छ वटा सवारी साधन क्षतिग्रस्त भएका छन् भने छ सय ५५ जनाको मृत्यु, दुई हजार ५० गम्भीर घाइते र चार हजार पाँच सय १८ सामान्य घाइते भएका छन्। दुर्घटनाको प्रकारमा दुईपाङ्ग्रे सवारी साधन सबैभन्दा बढी प्रभावित छन्, कुल दुई हजार ६४ वटा दुर्घटनामा परेका छन्।

त्यसपछि कार, जिप छ सय ३३, ट्र्याम्पो चार सय २४, ट्रक, ट्र्याक्टर दुई ३५ र बस दई २८ वटा दुर्घटनामा परेका छन्। विशेष रूपमा, ८० प्रतिशत दुर्घटना चालकको लापरबाहीका कारण भएको पाइएको छ, जसमा ८३ प्रतिशत तीव्र गतिले दुर्घटना भएको देखिएको छ। अन्य कारणमा यात्रुको लापरबाही, सवारी साधनको दोष र सडकको अवस्था रहेका छन्। कार्यक्रमले सुझाव सङ्कलनको माध्यमबाट कर्णालीको सडक सुरक्षामा नीति सुधार, जनचेतना कार्यक्रम, पूर्वाधार मापदण्ड पालन र विधेयक निर्माणमा सहयोग पुर्याउने अपेक्षा गरिएको छ।

# तीन जिल्लाको नौ माहिनामा २५ करोडभन्दा बढी राजस्व संकलन

**काँक्रेविहार संवाददाता**
सिँजा, ५ वैशाख

आन्तरिक राजस्व कार्यालय जुम्लाले चालु आर्थिक वर्षको पहिलो नौ महिनामा जुम्ला, कालिकोट र मुगु जिल्लाबाट २५ करोडभन्दा बढी रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ।

कार्यालयका प्रमुख कर अधिकृत प्रभात घिमिरेका अनुसार साउनदेखि चैतसम्मको अवधिमा २९ करोड ३० लाख ७३ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य राखिएकोमा २५ करोड २८ लाख ८ हजार रुपैयाँ संकलन भएको हो, जुन लक्ष्यको ८४.४० प्रतिशत बराबर हो।

विभागगत विवरणअनुसार आयकरतर्फ २१ करोड ७३ लाख ९९ हजार रुपैयाँ लक्ष्य राखिएकोमा १८ करोड १८ लाख ५७ हजार रुपैयाँ संकलन भएको छ। त्यस्तै, मूल्य अभिवृद्धि कर (भ्याट) तर्फ ५ करोड ४० लाख २७ हजारको लक्ष्यमा ५ करोड ३२ लाख ३९ हजार रुपैयाँ संकलन भएको छ, जुन ९८.५४ प्रतिशत लक्ष्य प्राप्ति हो।

त्यसैगरी अन्तःशुल्कतर्फ ७५.०७ प्रतिशत र बहालकरतर्फ ६६.४० प्रतिशत राजस्व संकलन भएको कार्यालयले जनाएको छ।

राजस्व संकलन वृद्धि गर्न कार्यालयले करदातामुखी अभियान, घरदैलो अनुगमन, टेलिफोन तथा एसएमएसमार्फत कर तिर्न ताकेता, कर शिक्षा कार्यक्रम, बक्यौता असुली तथा नक्कली बिल नियन्त्रणलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ।

कार्यालयका अनुसार हाल आयकरतर्फ १६,९२२, भ्याटतर्फ १,७१७ र अन्तःशुल्कतर्फ ५८२ जना करदाता दर्ता रहेका छन्।

स्थानीय तहबाटै प्यान दर्ता गर्ने व्यवस्था भए पनि यसको कार्यान्वयनमा ढिलाइ भइरहेको कार्यालयले जनाएको छ।

# व्यावसायिक माछापालनमा अवसर खोज्दै युवा



**काँक्रेविहार संवाददाता**
जुम्ला, ५ वैशाख

जुम्लाका युवाहरू परम्परागत कृषि पेसासँगै नयाँ सम्भावनाको खोजीमा छन्। पछिल्लो समय जिल्लामा माछापालनको क्षेत्रमा आकर्षण बढ्दो छ। आत्मनिर्भर बन्ने उद्देश्यसहित केही युवाहरूले व्यावसायिक रूपमा माछापालन सुरु गरेका छन्। चन्दननाथ नगरपालिका-१० का देवन्द्रराज गिरी र वडा नं.छ का दिल्लीबहादुर रावल करिब छ वर्षदेखि रेन्बो ट्राउट जातको माछापालनमा सक्रिय छन्।

उनीहरूले २०७७ सालमा नुवाकोटबाट १५ हजार भुरा ल्याएर व्यवसाय सुरु गरेका थिए। त्यसबेला प्रतिगोटा भुरा १९ रुपैयाँमा खरिद गरिएको थियो। सुरुवाती वर्ष अनुभव सङ्कलनमै समय बित्यो। दोस्रो वर्षदेखि केही माछा बेच्न सफल भएको गिरीले जानकारी दिए।

अहिले उनीहरूले डेढ क्विन्टल माछा पोखरीमा राखेका छन् भने अहिलेसम्म ९० हजारभन्दा बढी भुरा छोडिसकेका छन्। परीक्षण चरणमा रहेका कारण अहिलेसम्म अपेक्षित आम्दानी भने हुन सकेको छैन। बजारमा रेन्बो ट्राउट माछा प्रतिकिलो करिब एक हजार आठ सय रुपैयाँमा बिक्री हुने भए पनि उनीहरूले प्रतिस्पर्धात्मक मूल्यमा प्रतिकिलो १३ हजार रुपैयाँमा बिक्री गरिरहेका छन्।

निर्माण गरेको एउटा ठूलो पोखरीमा पाँच वटा क्यानल छन्, प्रत्येक क्यानलबाट करिब डेढ क्विन्टल माछा उत्पादन हुने गरेको छ। गिरीका अनुसार, सात वर्षअघि घर नजिकैको नाउलोमा परीक्षणका रूपमा माछा छाडिएको थियो। केही वर्ष राम्रोसँग हुर्किए पनि अत्यधिक चिसोका कारण हिउँ पर्दा सबै माछा मरे।

त्यसपछि उनले इन्टरनेटमार्फत रेन्बो ट्राउटबारे अध्ययन गरी चिसो हावापानी अनुकूल हुने भएकाले व्यावसायिक पालन सुरु गरेका हुन्। हालसम्म माछापालन, भुरा खरिद, दाना व्यवस्थापन र संरचना निर्माणमा ५० लाख रुपैयाँभन्दा बढी लगानी भइसकेको छ।

भविष्यमा माछापालन स्थलमै होटेल सञ्चालन गर्ने योजना पनि बनाइएको छ। यसको लागि १० वर्षका लागि जग्गा भाडामा लिइएको गिरीले जानकारी दिए। उत्पादित माछा हाल खलङ्गा र आसपासका बजारमा बिक्री भइरहेको छ। रावलका अनुसार, उत्पादन राम्रो भएमा सुर्खेत, नेपालगन्ज, मुगु र कालीकोट सम्म बजार विस्तार गर्न सकिने सम्भावना छ।

जुम्लाका प्रमुख पशु चिकित्सक ज्ञानेन्द्रसिंह बुढ्थापाका अनुसार, कार्यालयमा माछापालनसम्बन्धी विशेषज्ञ जनशक्तिको अभाव छ। तर प्राविधिक सहयोगको कमी भए पनि किसानहरू बीच ज्ञान आदानप्रदान गर्दै काम अघि बढिरहेको छ। जुम्लामा माछापालनको सम्भावना बढ्दो देखिएको छ।

आवश्यक प्राविधिक सहयोग, बजार व्यवस्थापन र लगानीको उचित व्यवस्थापन भएमा यो क्षेत्रले रोजगार सिर्जना र आम्दानी दुवैमा महत्वपूर्ण योगदान पुर्याउन सक्ने देखिन्छ।

# हुम्लामा बिदामा पनि सेवा दिइने

**काँक्रेविहार संवाददाता**
हुम्ला, ५ वैशाख

जिल्ला प्रशासन कार्यालय हुम्लाले यस वर्षदेखि सार्वजनिक बिदाका दिनहरूमा समेत केही महत्वपूर्ण सेवाहरू सञ्चालन गर्ने निर्णय गरेको छ। गृह मन्त्रालयको निर्देशनअनुसार २०८३ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म पर्ने बिदाका दिनहरूमा पनि सेवा प्रवाह गरिने भएको हो।

प्रमुख जिल्ला अधिकारी राजेन्द्र चन्दका अनुसार बिदाका दिनमा नेपाली नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवाहरू उपलब्ध गराइनेछ।



सेवाग्राहीलाई सहज र छिटो सेवा प्रदान गर्ने उद्देश्यले यस्तो व्यवस्था लागू गरिएको उनले बताए। यस व्यवस्था अनुसार वैशाख १८ गते उभौली पूर्णिमा, जेठ १५ गते गणतन्त्र दिवस, भदौ १२ गते रक्षाबन्धन, भदौ १९ गते कृष्ण जन्माष्टमी, असोज २५ गते घटस्थापना, पुस नौ गते धान्य पूर्णिमा र पुस १० गते क्रिसमस डेका दिन पनि सेवा सञ्चालन हुनेछ।

त्यसैगरी पुस १५ गते तमु ल्होसार, पुस २७ गते पृथ्वी जयन्ती, माघ १ गते माघी पर्व, माघ २४ गते सोनाम ल्होसार, फागुन ७ गते प्रजातन्त्र दिवस, फागुन २४ गते अन्तर्राष्ट्रिय महिला दिवस र फागुन २५ गते ग्याल्बो ल्होसारका अवसरमा पनि सेवा जारी रहनेछ।

साथै, ईद उल फित्र र बकर ईदका दिनहरूमा पनि सेवा उपलब्ध हुनेछ। यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालयले सूचना प्रकाशित गरिसकेको छ र सेवाग्राहीहरूलाई तोकिएका दिनहरूमा सेवा लिन अनुरोध गरिएको छ।

'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बन्चित नहोऔं'

- जन्म दर्ताः बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ताः परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ताः दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाइँसराइः नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाइँसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेदः अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

वीरेन्द्रनगर नगरपालिका
९ नं. वडा कार्यालय
सुर्खेत

'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बन्चित नहोऔं'

- जन्म दर्ताः बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ताः परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ताः दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाइँसराइः नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाइँसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेदः अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवस्थल, सल्यान

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# बजार अनुगमन तीव्र, म्याद गुज्रिएका खाद्यान्न नष्ट

कांक्रेविहार संवाददाता
बाँके, ५ वैशाख

नेपालगन्ज उपमहानगरपालिकाले शुक्रबारदेखि सुरु गरेको बजार अनुगमनका क्रममा म्याद गुज्रिएका खाद्य पदार्थ खुला रूपमा बिक्री भइरहेको र होटल रेस्टुरेन्टहरूमा सरसफाइको अवस्था कमजोर रहेको पाइएको छ।




उपभोक्ता हित संरक्षण समितिको नेतृत्वमा गरिएको अनुगमनका क्रममा यस्तो अवस्था भेटिएको समितिका सदस्य सचिव तथा अनुगमन टोली संयोजक प्रवीणकुमार रानाले जानकारी दिए।

उनका अनुसार पहिलो दिन नेपालगन्ज-१२ सुर्खेत रोडस्थित अन्सारी ट्रेडर्समा गरिएको अनुगमनमा करिब आठ हजार रुपैयाँ बराबरका म्याद नाघेका खाद्य सामग्री फेला परेका थिए।

ती सामग्री तत्काल नष्ट गरिएको र भविष्यमा यस्तो गल्ती दोहोर्‍याउन नदिने चेतावनी दिइएको उनले बताए। त्यसैगरी सोही वडाको सञ्जीवनी कलेज एन्ड मेडिकल साइन्सेसको उत्तरतर्फ रहेको न्यू ओम तन्दुरी होटल एन्ड लजमा अनुगमन गर्दा रंगिएको मासको दाल प्रयोग गरिएको र सरसफाइ तथा खाद्य स्वच्छताको अवस्था अत्यन्त कमजोर रहेको पाइएको अनुगमन टोलीले जनाएको छ।

टोलीका अनुसार उक्त होटललाई सरसफाइ सुधार गर्न कडा निर्देशन दिइएको छ भने आवश्यक सुधार नभए सिल गर्ने चेतावनीसमेत दिइएको छ।

दुवै व्यवसाय– अन्सारी ट्रेडर्स र न्यू ओम तन्दुरी होटल–नेपालगन्ज उपमहानगरपालिकामा दर्ता नभएको पनि पाइएको छ।

उपमहानगरपालिकाले दुवै व्यवसायलाई दर्ता प्रक्रियाका लागि सात दिनको समय दिएको छ। तोकिएको समयभित्र सुधार नगरे कडा कारबाही गरिने पनि जनाएको छ। अनुगमन टोलीमा उपभोक्ता हित संरक्षण समितिका सदस्य सचिव राना, आर्थिक विकास समिति संयोजक सङ्गिता रेग्मी, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रतिनिधि किरण फुयाँल, राजस्व शाखाका श्यामबहादुर चौधरी, उपभोक्ता हित संरक्षण मञ्च लुम्बिनी प्रदेश अध्यक्ष प्रभातकुमार ठकुरी, नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष नवीन गिरी, नगर प्रहरीलगायतको सहभागिता रहेको थियो।

यसैबीच नागरिक सरोकार मञ्च बाँकेका संयोजक कृष्णप्रसाद श्रेष्ठले बजार अनुगमन नियमित नहुँदा उपभोक्ता जोखिममा परेको बताउँदै म्याद गुज्रिएका खाद्य पदार्थ, मिसावट तथा सरसफाइ सुधारका लागि निरन्तर अनुगमन आवश्यक रहेको धारणा राखे।


## कला जोगाऔं, संस्कृति बचाऔं।

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुर्‍याऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# वन डढेलोको जोखिम बढ्दै, हजारौं हेक्टर वन क्षेत्र प्रभावित



कांक्रेविहार संवाददाता
सुर्खेत, ५ वैशाख

कर्णाली प्रदेशका वन क्षेत्रमा बर्सेनि डढेलो बढ्दै जाँदा वन विनाशको समस्या गम्भीर बन्दै गएको छ। वन मासिनुको प्रमुख कारण डढेलो रहेको र यसको रोकथामका लागि गरिएका प्रयासहरू अपेक्षाकृत प्रभावकारी हुन नसकेको सरोकारवालाहरूले बताएका छन्।

वीरेन्द्रनगरलगायत कर्णालीका राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रमा अत्यधिक गर्मी, खडेरी र हावाहुरीका कारण डढेलो तीव्र रूपमा फैलिने गरेको छ। स्थानीय बासिन्दा जगत थापाका अनुसार मानवीय लापरवाहीका कारण वनमा डढेलो लाग्ने घटना धेरै देखिन्छ। चुरोट-बिडी जथाभावी फाल्ने, घाँस पलाउने आशामा आगो लगाउने तथा सचेतनाको अभाव मुख्य कारण रहेको उनले बताए।

छिताबारी सामुदायिक वनका कोषाध्यक्ष रमा योगीका अनुसार अहिले सामुदायिक तथा राष्ट्रिय वन दुवै डढेलोको उच्च जोखिममा छन्। पर्याप्त जनशक्ति र आधुनिक उपकरण नहुँदा आगो नियन्त्रण गर्न कठिन भइरहेको उनले बताए। घना जंगलमा फैलिएको डढेलो नियन्त्रण गर्न हम्मेहम्मे पर्छ उनले भने।

डिभिजन वन कार्यालय सुर्खेतका अनुसार गर्मी र लामो खडेरीका कारण यस वर्ष डढेलोको जोखिम अझ बढेको छ। कार्यालयका वरिष्ठ वन अधिकृत भरतबहादुर थापाले डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहे पनि स्रोत साधन र जनशक्ति अभाव मुख्य चुनौती बनेको बताए।

हाल कार्यालयमा सात जना मात्र सशस्त्र वन रक्षक कार्यरत छन् भने आगो नियन्त्रणका लागि सीमित उपकरणहरू मात्र उपलब्ध छन्। यस वर्ष मात्र वीरेन्द्रनगरका पाँच स्थानमा डढेलो लागेको र ती सबै स्थानमा स्थानीय र कार्यालयको सहयोगमा नियन्त्रण गरिएको उनले जानकारी दिए।

आधिकारिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०/८१ मा ६ हजार ७ सय २१ हेक्टर वन क्षेत्रमा डढेलो लागेको थियो भने २०८१/८२ मा १ हजार २ सय हेक्टर वन क्षेत्र प्रभावित भएको छ। यो वर्ष पनि विभिन्न स्थानमा डढेलो जारी रहेको छ। विशेषज्ञहरूका अनुसार डढेलोका कारण वातावरणीय असर गम्भीर बन्दै गएको छ।

कार्बन उत्सर्जन वृद्धि, वायु प्रदूषण, जैविक विविधताको ह्रास तथा ओजन तहमा असरजस्ता समस्या देखिएका छन्। साथै डढेलोका कारण वन्यजन्तुहरू बस्तीमा पस्ने, पानीका मुहान सुक्ने र बहुमूल्य जडिबुटी नष्ट हुने समस्या बढ्दै गएको छ।

सरकारले वन संरक्षण र डढेलो नियन्त्रणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरे पनि प्रभावकारी नहुँदा समस्या जटिल बन्दै गएको सरोकारवालाहरूको भनाइ छ। उनीहरूले दीर्घकालीन समाधानका लागि जनचेतना, पर्याप्त जनशक्ति र आधुनिक उपकरणको व्यवस्था गर्नुपर्नेमा जोड दिएका छन्।


## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (**Air Ems**) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५



## ब्लूबुक हराएको सूचना !

मिति २०८२ चैत २५ गते बाङ्गेसिमलदेखि बजारतर्फ आउँदै गर्दा मेरो निम्न व्यहोराको मेरो ब्लूबुक सहितका महत्वपूर्ण डकुमेन्टहरू हराएको हुँदा भेटाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

तपसिल:
**नाम** : दिपेश डिसी **ठेगाना** : वीरेन्द्रनगर -१ सुर्खेत
**सम्पर्क** : ९८६४८२५२१०
**गाडी नम्बर** : भे १ ह २४६६


# रविले बोलाए रास्वपा सचिवालय बैठक, यस्ता छन् ६ एजेन्डा

कांक्रेविहार संवाददाता
काठमाडौं, ५ वैशाख

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आइतबार सचिवालय बैठक बोलाएका छन्। काठमाडौंको वनस्थलीस्थित केन्द्रीय कार्यालयमा अपराह्न साढे ३ बजे सचिवालय बैठक बोलाइएको रास्वपाले जनाएको छ। सचिवलायमा बैठकका लागि ६ वटा एजेन्डा तय गरिएका छन्। पहिलो, रास्वपाको जिल्ला अधिवेशनको कार्यविधि, २०८३ बारे छलफल हुनेछ। रास्वपाले जिल्ला अधिवेशनको तयारी गरिरहेको छ।

दोस्रो, बैंक खाता सञ्चालन सम्बन्धी एजेन्डा रहेको छ। तेस्रो एजेन्डामा केन्द्रीय आयोग, सल्लाहकार परिषद्, संघीय नेतृत्व मञ्च र विभागहरूको मनोनयन रहेको छ। चौथो, महाधिवेशन कार्यविधि मस्यौदा समिति गठन सम्बन्धी रहेको छ। रास्वपाले गत वर्ष गर्ने भनेको महाधिवेशन प्रतिनिधि सभाको निर्वाचनका कारण सारिएको थियो।

पाँचौ एजेन्डामा विज्ञहरू, योजनाहरू आह्वान गर्ने सम्बन्धी छ। रास्वपाले विभिन्न विषयका विज्ञहरू बोलाउने र उनीहरूबाट योजनाहरू माग्ने भएको छ। विज्ञहरूले दिने योजना कार्यान्वयन गर्ने रणनीति अपनाएको छ। छैटौं विविध अन्तर्गत प्रतिनिधि सभाका सदस्यहरूको संगठनात्मक जिम्मेवारी, केन्द्रीय समितिको बैठक, संसदीय दलको लागि प्राविधिक सहायता एवं लेबी सम्बन्धी विषय रहेका छन्।






कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)